मिति २०८३ आश्विन ८ गते देखी शुरु भएको न्युनचापिय मनसुनका कारण देशैभर भएको अविरल बर्षा र बाढीको कारण विभिन्न प्रसारण लाईनमा क्षती पुग्न गएको कारण सो प्रसारण लाईन मार्फत प्रवाह हुने विद्युत उत्पादन केन्द्रको विद्युत उत्पादन प्रभावित हुन पुगेको छ । साथै, नदीमा आएको बाढी तथा अत्यधिक बहावका कारण गण्डकी प्रदेशका केही स्थानमा विद्युत उत्पादन केन्द्र बन्द अवस्थामा पुगेकोले विद्युत आपूर्तिमा समेत केही असहज अवस्था आएको छ। हालसम्म प्राप्त विवरण अनुसार बाढीको कारण कालिगण्डकी कोरिडोर प्रसारण लाईन अवरुद्ध हुँदा उक्त प्रसारण लाईन मार्फत प्रवाह हुने १३ बटा उत्पादन केन्द्रका करिव ३७० मेगावाट विद्युत उत्पादन बन्द भएको छ । सो बाहेक म्याग्दी, स्याङ्गजा, काश्की, लमजुङ्ग र तनहुँ जिल्लामा अवस्थित थप १४ वटा उत्पादन केन्द्रका करिव ६३० मेगावाट विद्युत उत्पादन केन्द्र समेत नदिमा अत्यधिक बहावका कारण वन्द अवस्थामा रहेकोले हाल उत्पन्न बाढीका कारण विद्युत प्रणालीमा समग्रमा करिव १,००० मेगावाट विद्युत उत्पादन अवरुद्ध हुन गएको छ। यसका कारण विद्युत आपूर्ति प्रणाली सन्तुलनका लागि केही उद्योगहरुमा विद्युत खपत घटाई व्यवस्थापन गरिएको छ । साथै, नेपाल विद्युत प्राधिकरणको सहायक कम्पनी रघुगंगा जलविद्युत कम्पनीबाट प्रवर्द्धित राहुघाट जलविद्युत केन्द्र (४० मेगावाट)को स्वीचयार्डमा कालिगण्डकी नदीले कटान गरी क्षती पुऱ्याएको छ र सो बाहेक अन्य स्थानमा बाढी तथा पहिरोले पुऱ्याएको क्षतीको विवरण संकलन गर्ने कार्य भैरहेको छ । यसैगरी कुलेखानी स्थित ईन्द्रसरोवरको आज दिउँसो १.०० बजेसम्मको पानीको सतह १५२६.४२ मिटरमा पुगेको छ र पानीको सतह सुरक्षित तहमा कायम राख्न उत्पादन केन्द्र २४ सै घण्टा पूर्ण क्षमतामा सञ्चालनमा राखिएको छ भने जलाशयको सतह बढ्न गएको खण्डमा चाल्नुपर्ने सम्पुर्ण सुरक्षात्मक उपायको अवलम्वन गर्ने गरी सम्पुर्ण संयन्त्र तयारी अवस्थामा राखिएको छ ।